# सिगास गाउँपालिका


# स्थानीय राजपत्र

खण्डः ०५ संख्याः ६ मितिः२०७९।०९।२६


## भाग -१

## सिगास गाउँपालिका

### सिगास गाउँपालिकाको आर्थिक सहायता कोष ऐन, २०७९

प्रस्तावनाः सिगास गाउँपालिकाले प्रदान गर्ने आर्थिक सहायता सम्बन्धी कार्यलाई नियमित, व्यवस्थित, पारदर्शी वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम सिगास गाउँ सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "सिगास आर्थिक सहायता कोष ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "आर्थिक सहायता कार्य" भन्नाले भूकम्प, बाढी, पहिरो, आगलागी, महामारी जस्ता प्राकृतिक तथा गैरप्राकृतिक विपद लगायतका आर्थिक सहायता वा अप्रत्याशित कारणबाट सिर्जना भएको विशेष परिस्थितिमा तत्काल गरिने आर्थिक सहायताकार्य सम्झनु पर्छ ।

(ख) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. सिगास आर्थिक सहायता कोषको स्थापना : सिगास आर्थिक सहायता कोषको नामले एउटा कोष स्थापना गरिएको छ ।

तर, चालु आर्थिक वर्ष २०७९।०८० को हकमा सिगास गाउँ सभाले विनियोजन गरेको चालु तर्फको अन्य सामाजिक सहायता खर्च शीर्षकबाट प्रदान गरिनेछ।

४. सिगास आर्थिक सहायता कोषमा जम्मा गरिएको रकम : सिगास गाउँपालिकाको सञ्चित कोषबाट गाउँ सभाले आवश्यक रकम विनियोजन गरी सिगास आर्थिक सहायता कोषमा जम्मा गरिनेछ।

५. सिगास आर्थिक सहायता कोषको रकम वृद्धि गर्न सक्ने : सिगास गाउँ कार्यपालिकाले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सिगास आर्थिक सहायता कोषमा रहने रकममा आवश्यकता अनुसार वृद्धि गर्न सक्नेछ।

६. सिगास आर्थिक सहायता कोषको सञ्चालन : सिगास आर्थिक सहायता कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ।

७. सिगास आर्थिक सहायता कोषको रकम खर्च गर्न सक्ने : सिगास गाउँ कार्यपालिकाले सिगास आर्थिक सहायता कोषमा रहेको रकमबाट आर्थिक सहायता कार्यका लागि खर्च गर्न सक्नेछ।

८. खर्चको रकम सोधभर्ना गर्नु पर्ने : सिगास गाउँ कार्यपालिकाले दफा ७ बमोजिम सिगास आर्थिक सहायता कोषबाट खर्च गरेको रकम विनियोजन ऐन बमोजिम प्रत्येक आर्थिक वर्षको लागि विनियोजित रकमबाट सोधभर्ना गर्नु पर्नेछ।

९. नियम, निर्देशिका वा कार्यविधि बनाउने अधिकार : यस ऐनको कार्यान्वयनका लागि गाउँ कार्यपालिकाले आवश्यक नियमहरु, निर्देशिका वा कार्यविधि बनाई लागु गर्न सक्नेछ।

१०. बचाउ : (१) आर्थिक सहायता वितरण सम्बन्धी यसअघि भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

आज्ञाले
कवीन्द्र प्रसाद ओझा
प्रमुख प्रशासकीय अधिकृत